बैठक नं.

आज मिति २०८१ साल भदौ महिनाको ३० गते आइतवारका दिन विहान ११.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | फणीन्द्र प्रसाद पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | जगन बहादुर गुरुङ | कार्यवहाक वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

अन्य उपस्थिति:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठाकुर प्रसाद अधिकारी | अधिकृत | |

CS CamScanner

# मिति २०८१।०५।३० गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धम

२) १५ शैया अस्पतालको बाकी भुक्तानी सम्वन्धमा

३) कार्यविधि पास सम्वन्धमा

४) प्रुन्धु मोटर बाट निर्माणको भुक्तानी सम्वन्धसा

५) प्रहरी विट भुक्तानी सम्वन्धमा

६) सवारी साधन खरिदको खरिद प्रकृया रद्ध गर्ने सम्वन्धमा

७) ठेक्काको सुचना प्रकाशित सम्वन्धमा

८) उपभोक्ता समिति गठन् सम्वन्धमा

९) सिमा गेट निर्माण सम्वन्धमा

१०) धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र वाग्लुङलाई कार्यक्रम सञ्चालनका स्विकृत सम्वन्धमा

११) बजेट कार्यान्वयनको समिक्षा सम्वन्धमा

# मिति २०८१।०५।३० को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

२) १५ शैया अस्पतालको बाकी भुक्तानी सम्वन्धमा

प्रस्ताव नं.२ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका वडा नं २ स्थित निर्माण सम्पन्न भएको १५ शैयाको अस्पताल शिवशक्ती सिम्रन जे..भी पोखरा १७ ले ठेक्का प्राप्त गरी मिति २०८० असार २० गते कार्यसम्पन्न भै अन्तिम विल भुक्तानी को लागि निवेदन पेश गर्नु भएको र सो समयमा पालिकामा रकम अभावका कारण सोही समयमा अन्तिम विल रकम भुक्तानी गर्न नसकिएको र मिति २०८०।१०।०७ मा रु ५००००००।( पचास लाख) भुक्तानी गरी पुन ४७६७९२२।५२ रुपैया भुक्तानी दिन बाँकी रहेकोमा १६ औ गाँउसभाबाट बाकी रकमलागी बजेट व्यवस्थापन गरिएकोले मिति २०८१ भाद्र ३० गतेको कार्यपालिका बैठकले बाँकी रकम सम्वन्धीत निर्माण व्यवसायीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

### ३) कार्यविधि पास सम्वन्धमा

तपसिल बमोजिमका कार्यविधिहरु विधायन समिति बाट सिफारिश भई आएकोले स्विकृति गरीएकोले राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।

| .क.स. | कार्यविधि नाम | |
|---|---|---|
| १ | अन्नपुर्ण गाउँपालिका कृषि अनुदान वितरण कार्यविधि २०८१ | |
| २ | स्थानीय पकेट संचालन कार्यविधि २०८१ | |
| ३ | कृषक सञ्चालन गठन तथा सञ्चालन कार्यविधि २०८१ | |
| ४ | बाँझो जग्गा उपयोगमा अनुदान कार्यक्रम २०८१ | |
| ५ | खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०८१ | |
| ६ | लेखा समिति गठन तथा सञ्चालन कार्यविधि २०८१ | |
| ७ | विषयगत समिति सञ्चालन कार्यविधि २०८१ | |
| ८ | व्यवसाय कर सम्वन्धी कार्यविधि २०८१ | |
| ९ | स्थानीय तहको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार(निवारण) आचारसंहिता २०८१ | |
| १० | जनप्रतिनिधिको आचारसंहिता २०८१ | |

### ४) प्रुम्धु क्युमी मोटर बाटो निर्माणको भुक्तानी सम्वन्धमा

प्रस्ताव नं.४ उपर छलफल गर्दा वडा नं १० प्रुम्धु क्युमी मोटर बाटो कार्यसम्पन्न भै २०८०।१२।१५ मा रु १११९५०८। बराबरको अन्तिम विल भुक्तानीका लागि पेश गर्नु भएकोमा उक्त योजना मोदी जलविद्युत कम्पनी सग सम्वन्धीत पनि रहेको सो सस्थाले पठाउनु पर्ने रकम समयमा नपाएका कारण रकम अभावका भै भुक्तानी गर्न नसकिएको, मोदी जलविद्युत कम्पनीले हाल उक्त रकम प्राप्त भएकोले उक्त बाँकी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

### ५) प्रहरी विट भुक्तानी सम्वन्धमा

प्रस्ताव नं.५ उपर छलफल गर्दा नयाँपुल स्थिल सडकको नजिक निर्माण भएको प्रहरी विटको कार्य सम्पन्न भएको भनी पेश हुन आएकोले भुक्तानी गर्ने निर्णय गरियो ।

### ६) सवारी साधन खरिदको खरिद प्रकृया रद्ध गर्ने सम्वन्धमा

प्रस्ताव नं.४ उपर छलफल गर्दा कार्यालयका प्रयोजनका लागि सवारी साधन खरिद शिर्षकमा रु ६५ लाख बजेट विनियोजन भएको कार्यालयबाट सवै प्रकृया पुरा गरि खरिद प्रकृया अगाडी

CamScanner

बढाइएकोमा सवारी साधनको स्पेसिफिकेशन परिवर्तन गर्नु पर्ने भएकोले हाललाई उक्त खरिद प्रकृया रद्ध गर्ने निर्णय गरियो ।

**७) ठेक्काको सुचना प्रकाशित सम्वन्ध्मा**

प्रस्ताव नं.७ उपर छलफल गर्दा आवश्यक इष्टमेट तयार भएका ठेक्काहरुको योजना कार्यन्वयनका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**८) उपभोक्ता समिति गठन सम्वन्धमा**

प्रस्ताव नं.८ उपर छलफल गर्दा आ.व.०८१।०८२ को बजेट तथा कार्यक्रम मा रहेका योजनाहरु सञ्चालन गर्नका लागि असोज महिना भित्र उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**९) सिमा गेट निर्माण सम्वन्धमा**

प्रस्ताव नं.९ उपर छलफल गर्दा आ.व.०८१।०८२ को बजेट तथा कार्यक्रम मा रहेका सिमा गेट निर्माण गर्नका लागि सम्वन्धित वडाका वडाध्यक्ष मार्फत सिफारिश साथै स्थान पहिचान गरि सिमा गेट निर्माण गर्ने निर्णय गरियो ।

**१०) धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र वाग्लुङलाई कार्यक्रम सञ्चालनका स्विकृत सम्वन्धमा**

प्रस्ताव नं.१० उपर छलफल गर्दा धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र वाग्लुङलाई कार्यक्रम सञ्चालनका स्विकृत माग भएकोले पेश भएको कार्यक्रम नियमानुसार सञ्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

**११) बजेट कार्यान्वयनको समिक्षा सम्वन्धमा**

प्रस्ताव नं.११ उपर छलफल गर्दा आर्थिक बर्ष ०८०।०८१ म सम्पादन भएका बजेट तथा कार्यक्रमहरु मिति २०८१ श्रावण ३१ गते सवै शाखा प्रमुखहरुबाट कार्यपालिकाका सवै सदस्यहरुको उपस्थितीमा प्रस्तुत भएको बजेट कार्यान्वयनको अवस्था साथै समिक्षाका विषयमा छलफल गरियो । र उक्त बजेट कार्यान्वयनको अवस्था सार्वजनिककरण गर्ने निर्णय गरियो ।

CamScanner